# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२० | काठमाडौं | शुक्रबार, ०५ भदौ २०८३ | Prabhab National Daily | Friday, 21 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# राप्रपामा बढ्यो असन्तुष्टि, लिङ्देनमाथि दबाब

■ जेबी योञ्जन

**काठमाडौं–** बागमती प्रदेशमा सरकार गठन गर्दा एमाले-नेकपा गठबन्धनलाई समर्थन जनाएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता उद्धव थापालाई पार्टी केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले गरेको कारबाही विवादित बनेको छ ।

थापालाई कारबाही गर्ने अध्यक्ष लिङ्देनको निर्णयप्रति पूर्वअध्यक्षदेखि वरिष्ठ उपाध्यक्षसम्मका नेताहरूले असहमति जनाएका छन् । लिङ्देनले पार्टीको निर्देशन उल्लंघन गर्दै एमाले नेतृत्वमा सरकार बनाउन सहयोग गरेको भन्दै नेता थापामाथि बिहीबार कारबाही गरेका थिए । लगत्तै पार्टीभित्रकै प्रभावशाली नेताहरूले भने कारबाहीको निर्णयभन्दा पहिले बागमतीको घटनाक्रम, विगतका पार्टी निर्णय र सरकारमा सहभागी हुने नीतिबारे समग्र समीक्षा गर्नुपर्ने माग गरेका छन् ।

पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, पूर्वअध्यक्ष कमल थापा, वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे र बागमती प्रदेश अध्यक्ष विक्रम थापासहितका नेताहरूले कारबाहीप्रति गम्भीर असहमति जनाएका छन् । उनीहरूले पार्टीको विधि, विधान र स्थापित प्रक्रियाविपरीत हतारमा निर्णय गरिएको भन्दै फरक मत दर्ज गरेका छन् ।

यसले अध्यक्ष लिङ्देनलाई पार्टीभित्रै राजनीतिकरूपमा थप दबाबमा पारेको छ । एकातिर उनी पार्टी अनुशासनलाई कडाइका साथ लागू गर्नुपर्ने पक्षमा देखिएका छन् भने अर्कोतिर वरिष्ठ नेताहरूले त्यही निर्णयको प्रक्रिया र औचित्यमाथि प्रश्न उठाएका छन् ।

राप्रपाभित्र अहिलेको मुख्य विवाद उद्धव थापाले पार्टी निर्देशन माने कि मानेनन् भन्नेमामात्रै सीमित छैन । प्रश्न कारबाहीको प्रक्रिया र नेतृत्वले पार्टीभित्र फरक मतलाई कसरी व्यवस्थापन गर्छ भन्नेमासमेत पुगेको छ ।

पार्टीका पूर्वअध्यक्ष थापाले कार्यसम्पादन समितिको बैठकपछि उद्धवमाथि कारबाही गर्ने निर्णय हतारमा र जबरजस्ती लादिएको बताएका छन् । उनका अनुसार विगतका कमजोरी र सरकारमा सहभागी हुने निर्णयबारे निष्पक्ष अध्ययन गर्न समिति गठन गरेर त्यसको प्रतिवेदनका आधारमा निर्णय गर्नुपर्ने प्रस्ताव गरिएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा



“पार्टी केन्द्रको निर्णय नस्वीकार्ने प्रवृत्ति ठीक होइन र त्यस्तो मान्छेलाई कारबाही नगरेर के गर्नु ?

■ **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा



“उहाँहरूले बागमती प्रदेश संसदीय दलको नेतालाई कारबाही गर्ने जबरजस्ती निर्णय गर्नुभयो ।

■ **कमल थापा**
पूर्वअध्यक्ष, राप्रपा

## पुरानो गुटगत तनाव सतहमा !

राजेन्द्र लिङ्देन अध्यक्ष निर्वाचित भएको २०७८ को महाधिवेशनमा कमल थापा उनका प्रतिस्पर्धी थिए । त्यसपछि थापा पार्टीबाट अलग भएका थिए । गणतन्त्रको मार्गचित्रलाई स्वीकार गरे । गत वर्षको मध्यतिर थापा राप्रपामा फर्किए । यतिबेला भने लिङ्देन-थापा सम्बन्ध चिसिँदै गएको छ । यही पृष्ठभूमिमा बागमती प्रकरणले पुरानो असन्तुष्टिको नयाँ ढोका खोलिदिएको विश्लेषण हुन थालेको छ ।

तर, अहिलेको असहमति कमल थापामामात्र सीमित छैन । पूर्वअध्यक्ष लोहनी, वरिष्ठ उपाध्यक्ष पाण्डे र बागमती प्रदेश अध्यक्ष विक्रम थापासमेत एउटै निर्णयप्रति सार्वजनिकरूपमा उभिनुले अध्यक्ष लिङ्देनका लागि चुनौती फराकिलो भएको देखिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

संसदीय समितिमा अख्तियार प्रमुख राईको बयान

# सरकारकै कारण अख्तियार कमजोर बन्दै



पाँच वर्षसम्मचाहिँ नचलाइदिने हो कि यहाँको कर्मचारीलाई ? अब त्यो खालको एउटा 'अण्डरस्ट्याण्डिङ' चाहिँ हुनुपर्छ । आयोगलाई सोधियोस् बरु, कुन कर्मचारी निकाल्ने, कुन कर्मचारी ननिकाल्ने हामी भन्दिन्छौं । कसको क्षमता कति छ भन्ने कुरो अहिले त सोध्न पनि छोडिएको छ ।

■ **प्रेमकुमार राई**
प्रमुख आयुक्त, अख्तियार दुरूपयोग अनुसन्धान आयोग



अख्तियार दुरूपयोग अनुसन्धान आयोग न त सरकारको छायामा पर्नुपर्ने संस्था हो, न यसले सरकारलाई माया नै गर्नुपर्छ । हाम्रोतर्फबाट कुनै पनि प्रकारको राजनीतिक हस्तक्षेप वा आग्रह-पूर्वाग्रह हुने छैन । तपाईंहरु कसैको प्रभावमा नपरी निष्पक्ष ढंगले इतिहास रच्नेगरी काम गर्नुहोस् ।

■ **रवि लामिछाने**
सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी



अख्तियार बलियो हुनुपर्छ भन्नेमा सरकार दृढ छ । तर, यो त्रास सिर्जना गर्ने वा कसैलाई विनाप्रमाण पगरी गुथाउने स्वेच्छाचारी संस्था बन्नु हुँदैन । यसले निष्पक्षता, व्यावसायिकता र सुशासन कायम गर्दै प्रमाणका आधारमा अनुसन्धान गरी नागरिकमा विश्वास जगाउने संस्थाको छवि बनाउनुपर्छ ।

■ **सोविता गौतम**
मन्त्री, कानुन, न्याय तथा संसदीय मामिला



सिंहदरबारमा बिहीबार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक । *तस्बिर: रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सरकारकै कारण आयोग कमजोर बन्दै गएको बताएका छन् । बिहीबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरूले राखेको प्रश्नको जवाफ दिनेक्रममा प्रमुख आयुक्त राईले अख्तियारको अवस्था उजागर गरेका हुन् ।

प्रधानमन्त्री कार्यालयको हस्तक्षेप, पूर्ण कार्यकाल नपुग्दै कर्मचारीको सरुवा, नीतिगत समस्याजस्ता विषयका कारण अख्तियार कमजोर बन्दै गएको उनको भनाइ छ । राहदानी छपाइ प्रकरणमा आफूलाई प्रधानमन्त्री वालेन्द्र शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बोलाएको घटनासमेत राईले स्वीकारे ।

सांसदहरूले प्रधानमन्त्रीको सचिवालयले अख्तियारका कर्मचारीहरूलाई नियन्त्रणमा लिएर दबाब दिइएकोबारे प्रश्न राखेका थिए । 'पासपोर्टको विषयमा प्रधानमन्त्रीले छलफल गर्न बोलाउन सक्नुहुन्छ । हामी गएको हो । यो मुद्दामा अभियोजन भइसकेको छ । यो विषयमा म धेरै प्रवेश गर्न चाहिनँ,' समितिको बैठकमा राईले भने ।

प्रधानमन्त्री शाह र उनको सचिवालयका सदस्यले गत असार १ गते प्रमुख आयुक्त राईलाई प्रधानमन्त्री कार्यालयको एउटा कोठामा राखेर दिनभर राहदानी छपाइको ठेक्कामा भ्रष्टाचार मुद्दा दायर गर्न दबाब दिएका थिए । त्यतिबेला सरकारले राहदानी विभागका तत्कालीन महानिर्देशक तीर्थराज अर्याललाई पक्राउ गर्न लगाएको थियो । त्यसको एक सातापछि असार ८ गते भ्रष्टाचार मुद्दा दायर गरिएको थियो । अर्यालसहितका सबैजसो प्रतिवादी धरौटी बुझाएर छुटिसकेका छन् ।

प्रधानमन्त्रीले राहदानीसम्बन्धी मुद्दालाई तीव्रता दिन आग्रह गरेको र सोहीबमोजिम काम अघि बढाइएको राईले समितिमा बताए । यो विषयमा धेरै गहिरिन नचाहेको बताउँदै प्रमुख आयुक्त राईले अन्य प्रश्नहरूतर्फ ध्यान मोडेका थिए ।

बैठकमा सांसद अमरेशकुमार सिंहले अख्तियार संवैधानिक अंग भएकाले प्रधानमन्त्री कार्यालयको दबाबमा पर्न नहुने भन्दै आपत्ति जनाएका थिए । 'अख्तियार संवैधानिक अंग हो कि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शाखा हो ? स्पष्ट गरिदिनुहोस्,' सिंहले प्रश्न गरेका थिए ।

### मन्त्रिपरिषद्को निर्णयमा मुद्दा लगाउनै अप्ठेरो

बैठकमा सांसदहरूले गिरीबन्धु टी-स्टेट जग्गा सट्टापट्टा प्रकरण, कोभिड महामारीका बेला भएको ओम्नी समूहको स्वास्थ्य सामग्री खरिद घोटाला र माओवादी लडाकु शिविरको भत्ता अनियमितताका फाइलबारे पनि प्रश्न राखेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# बोर्डबाट १८ वर्षमा १६ हजारभन्दा बढी श्रमिकका परिवारलाई आर्थिक सहयोग

⏭ गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै रोजगारीमा गएका एक हजार ६०० जनाको मृत्यु भएको तथ्यांक छ । त्यसअघि आव २०८१/८२ मा एक हजार ५४४ जना मृतकका परिवारले सहायता लिएका थिए ।




■ प्रभाव संवाददाता

**काठमाडौं–** गएको १८ वर्षमा वैदेशिक रोजगारीमा गएका १६ हजारभन्दा बढीले ज्यान गुमाएको देखिएको छ । वैदेशिक रोजगार बोर्ड स्थापना भएयताको उक्त तथ्यांकले वैदेशिक रोजगारीको पीडादायी पक्षलाई उजागर गरेको छ ।

अझ यो तथ्यांक बोर्डबाट आर्थिक सहायता पाएकाहरूको मात्रै हो । त्यसबाहेक मृत्यु भएकाहरूको संख्या यकीन छैन । बोर्डको तथ्यांकअनुसार गत १८ वर्षमा रोजगारीमा गएर मृत्यु भएका १६ हजार ४४३ जनालाई बोर्डले आर्थिक सहायता प्रदान गरेको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै रोजगारीमा गएका एक हजार ६०० जनाको मृत्यु भएको तथ्यांक छ । त्यसअघि आव २०८१/८२ मा एक हजार ५४४ जना मृतकका परिवारले सहायता लिएका थिए । सबैभन्दा कम सहायता आर्थिक वर्ष २०६५/६६ मा ७८ जनाले लिएका थिए । त्यसयता यस्तो संख्या निरन्तररूपमा बढेको पाइन्छ ।

बोर्डले गएको एक वर्षमा विदेशबाट ५३५ वटा शव झिकाएको छ । साथै, एक हजार ८४ वटा शव परिवार रहेको स्थानसम्म ढुवानी गरिदिएको तथ्यांक छ । रोजगारीमा गएका श्रमिक करार अवधिभित्रै या करार अवधि सकिएको एक वर्षभित्र मृत्यु भएमा परिवारले क्षतिपूर्तिबापत १० लाख रूपैयाँ पाउने व्यवस्था छ ।

रोजगारीमा जाने श्रमिकहरूको बिरामी, हृदयघात, सडक तथा कार्यस्थल दुर्घटना, आत्महत्याजस्ता कारणले मृत्यु हुने गरेको पाइन्छ । सबैभन्दा बढी श्रमिक जाने खाडी र मलेसियामा धेरै नेपालीको मृत्यु हुने गरेको तथ्यांकमा देखिन्छ ।

गत वर्ष बोर्डबाट २२१ जनाको उद्धार तथा खोजतलास गरिएको छ । श्रमिकहरू दुर्घटनामा परे, विभिन्न कारणले स्वदेश फर्किन नसके या कानुनी समस्यामा परे बोर्डले उद्धार गर्ने गरेको छ । सोही अवधिमा ४६० जनाले पारिवारिक औषधि उपचार खर्च पाएका छन् । रोजगारीमा गएका श्रमिकका परिवारलाई पार्किन्सन्स, मुटुको शल्यक्रिया, मिर्गौला प्रत्यारोपण, क्यान्सर जस्ता घातक रोग लागे ५० हजार रूपैयाँसम्म उपचार खर्च पाइन्छ । यस्तो रकम एक पटकमात्र पाइने जनाइएको छ । त्यस्तै, रोजगारीको सिलसिलामा अंगभंग तथा गम्भीर बिरामी परेका एक हजार ४७ जना कामदारलाई बोर्डले उपचार खर्च प्रदान गरेको छ ।

बोर्डले यस अवधिमा तीन हजार ३६३ जनालाई सन्तति छात्रवृत्ति दिएको छ । मृत्यु, अंगभंग या गम्भीर प्रकृतिको रोग लागेर बोर्डबाट सतप्रतिशत सहायता लिएकाहरूको सन्ततिलाई विद्यालयस्तरमा छात्रवृत्ति दिइँदै आएको छ । आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीले वार्षिक १२ हजार र माध्यमिक तहमा अध्ययन गर्नेले वार्षिक १६ हजार रूपैयाँ पाउने गरेको जनाइएको छ । साथै, एक हजार ९६२ जनालाई उपचार अभिमुखीकरण तालिम दिइएको छ ।

बोर्डबाट तीन हजार ५८७ जनाले गत वर्ष टेलिमेडिसिन सेवा लिएका छन् । बोर्डले २०७९ चैत्र १५ गतेबाट यस्तो सेवा दिन सुरु गरेको हो । एक वर्षमा बोर्डको श्रमाधन कल सेन्टरमा एक लाख ११ हजार ७१६ वटा कल आएको र ४३ हजार ६७९ वटा कलमार्फत आएका समस्या समाधान गरिएको जनाइएको छ ।

श्रमाधान कल सेन्टर २०७५ चैतबाट सञ्चालनमा रहेको छ । एउटै व्यक्तिले पटक-पटक 'फलोअप' कल गर्ने, कतिपय समस्या कलमार्फत समाधान गर्न नसकिने र कति समस्या समाधानको क्रममा हुँदा कल आएको तुलनामा समस्या समाधान भएको संख्या थेरै देखिने बोर्डले बताउँदै आएको छ ।


## आत्महत्याका प्रमुख कारण

आत्महत्या समस्याको समाधान होइन:

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

रोकथामका लागि:

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

'एक-अर्काको सहारा बनौं,
आत्महत्या होइन समस्याको समाधान खोजौं'

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा थापा मगरको नेतृत्वमा बन्यो नयाँ सरकार

## एमालेबाट दुई, नेकपाका एक र राप्रपाबाट तीन जना गरी छ मन्त्रीले लिए शपथ

**काठमाडौं (प्रस)**– बागमती प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमालेका किरण थापा मगर नियुक्त भएका छन् । बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बिहीबार नेपालको संविधानको धारा, १६८ को उपधारा २ अनुसार थापा मगरलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थनमा बुधबार थापा मगरलाई मुख्यमन्त्री बनाउन प्रदेशप्रमुखसमक्ष प्रस्ताव पेस गरिएको थियो । राप्रपा केन्द्रले भने मुख्यमन्त्रीका लागि आफ्नो दलको समर्थन नरहेको जनाएको थियो ।

नवनियुक्त मुख्यमन्त्री थापा मगरले बिहीबार नै प्रदेशप्रमुखसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेर पदभार सम्हालेका छन् । शपथलगत्तै उनले मन्त्रिपरिषद् विस्तारसमेत गरेका छन् । थापाले बिहीबार आफ्नै दल एमाले, सत्तासाझेदार नेकपा र राप्रपाका गरी छ जनालाई मन्त्री नियुक्त गरेका हुन् ।

एमालेबाट भरत केसी भौतिक पूर्वाधार विकासमन्त्री र ज्ञानबहादुर तामाङ विनाविभागीय मन्त्री नियुक्त भएका छन् । केसी यसअघि नेपाली कांग्रेस नेतृत्वको संयुक्त सरकारमा वन तथा वातावरण मन्त्री थिए ।

यसैगरी, नेकपाबाट सरल सहयात्री पौडेल आर्थिक मामिला तथा योजनामन्त्री नियुक्त हुँदा राप्रपाबाट राजु विष्ट खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री, गिरबहादुर तामाङ स्वास्थ्य तथा सामाजिकमन्त्री र राजेन्द्र प्रजापति उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री नियुक्त भएका छन् । बागमतीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आठ वटा मन्त्रालय छन् । भागबण्डा मिलाएर थप मन्त्री नियुक्त गरिने जनाइएको छ ।



## पृष्ठ १ बाट क्रमशः

### सरकारकै कारण...

प्रमुख आयुक्त राईले भने माओवादी लडाकु शिविरको भत्ता मन्त्रिपरिषद्को नीतिगत निर्णयभित्र पर्ने हुनाले आयोगको क्षेत्राधिकारभित्र नपर्ने बताए ।

प्रमुख आयुक्त राईले मन्त्रिपरिषद्ले गरेका निर्णयमा मुद्दा लान नसकिने बताए । यसका लागि ऐन ल्याउनुपर्ने उनको भनाइ थियो । 'क्याबिनेटले गरेको निर्णयमा हामीले मुद्दा लान सक्दैनौं । यसमा हामीलाई स्पष्ट निर्देशन चाहिन्छ । मैले यहाँ धेरै कुराहरू अब सुधार गर्नका लागि हामीलाई राज्यले गर्नुपर्ने विषय त त्यही ऐन ल्याइदिनुपर्‍यो,' उनले भने ।

यसका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन संशोधन पठाए पनि अझै नआएको उनको भनाइ थियो । 'हामीले संशोधन गरेर प्रधानमन्त्री कार्यालयमा पठाएका छौं । त्यो आउँछ होला,' राईले भने । गिरीबन्धुको जग्गा सट्टापट्टाको विषय संसद्बाट बनेको कानुन र मन्त्रिपरिषद्को नीतिगत निर्णयसँग जोडिएकाले त्यसअन्तर्गतको दोस्रो प्रकरण भने अनुसन्धान भयरहेको उनले बताए ।

#### कर्मचारी तान्दा अप्ठेरोमा अख्तियार

अख्तियार प्रमुख राईले पछिल्लोपटक अख्तियारका कर्मचारीको बारेमा सरकारले सोध्नै छाडेको दाबी गरे । कुन कर्मचारीलाई कति वर्ष राख्ने, कुन कर्मचारी ननिकाल्ने भन्ने विषयमा अख्तियारलाई सरकारले सोध्नै छाडेको उनको गुनासो रह्यो । 'पाँच वर्षसम्मचाहिँ नचलाइदिने हो कि यहाँको कर्मचारीलाई ? अब त्यो खालको नि एउटा अण्डरस्टयाण्डिङ हुनुपर्छ । आयोगलाई सोधियोस् बरु, कुन कर्मचारी निकाल्ने, कुन कर्मचारी ननिकाल्ने हामी भन्दिन्छौं । कसको चाहिँ क्यापासिटी कति छ भन्ने कुरो अहिले त सोध्न पनि छोडिएको छ,' प्रमुख राईले भने ।

अनुसन्धानमा खटिरहेका कर्मचारीलाई तान्दा काम प्रभावित हुने उनको भनाइ थियो । 'अनुसन्धान एक महिनामा सिध्याउनेवाला छ, यो सिध्याएपछि गर्नुस् एक महिनापछि भन्दिन्छौं । तर यहाँ त के भइदियो भन्दाखेरि ठ्याक्क तान्दियो, अब मुद्दा पनि उसले स्टप गरेर पछि दियो । अब यस्ता खालकाचाहिँ केसहरू भएको हुनाले हामी फेरि दोहोर्‍याएर अर्कोलाई अनुसन्धान गर्न दिँदाखेरि दोहोरिने भयो,' राईले भने । ओम्नी प्रकरणसँग जोडिएको कोरोनाकालमा स्वास्थ्य सामग्री खरिद गर्दा भएको भनिएको अनियमिततामाथि आयोगको अनुसन्धानमा आपूर्तिकर्तालाई राज्यले एक रूपैयाँ पनि अहिलेसम्म भुक्तानी नगरेकाले त्यसमा राज्यलाई सित्तैमा स्वास्थ्य सामग्री आएको उनको भनाइ थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल खरिद काण्डबारे चर्चा गर्दै राईले भने, 'पोखरा विमानस्थल प्रकरणमा तीनवटा छुट्टा-छुट्टै भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर भइसकेका छन् । यसमा आठ अर्ब, तीन अर्ब र ११ अर्ब रूपैयाँ बिगो दाबीसहित कूल १३ अर्बभन्दा बढीको मुद्दा अगाडि बढेको छ । यसमा संलग्न तत्कालीन मन्त्री र सचिव एवं स्तरका उच्च अधिकारीहरू पनि छानबिनको दायरामा परेका छन् ।' त्यसैगरी, वाइडबडी खरिद काण्डको मुद्दा अहिले सर्वोच्चमा विचाराधीन रहेको उनले बताए ।

#### मनी लाउण्ड्रिङ दुबई-अमेरिकाबाट

प्रविधिको दुरूपयोग गरी विदेशमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्ड्रिङ) गर्ने प्रवृत्ति बढ्दै गएको राईले बताए । विकल पौडेल र सुनिल पौडेल जोडिएको आइटी सफ्टवेयर खरिद काण्डको चर्चा गर्दै उनले समितिमा भने, 'आइटीको क्षेत्रमा विकल पौडेल र सुनिल पौडेलजस्ता व्यक्तिहरूले सिंगापुर र अमेरिकामा पैसा लगेर मनी लाउण्ड्रिङ गरेको र त्यहाँबाट नेपालको खरिद प्रक्रिया मिलाउने गरेको पाइएको छ । नेपालमा म्युचुअल लिगल असिसटेन्स (एमएलए) कानुन भएता पनि सम्बन्धित देशहरूसँग द्विपक्षीय सम्झौता नहुँदा लाउण्ड्रिङ गरिएको पैसा फिर्ता ल्याउन कूटनीतिक र कानुनी कठिनाइ भएको छ ।'

सिंगापुर र अमेरिकाका निकायहरूले द्विपक्षीय सम्झौताविना विवरण वा रकम फिर्ता दिन अस्वीकार गरेको बताउँदै उनले थपे, 'हाल धेरैजसो भ्रष्टाचारको डिल नेपालबाहिर हुने गरेको छ, जसमा युएई बढी प्रयोग हुने गरेको देखिन्छ । यो अन्तर्राष्ट्रिय सञ्जाललाई तोड्न कूटनीतिक तहबाटै पहल नभएसम्म आयोगलेमात्र चाहेर सम्पत्ति फिर्ता ल्याउन सक्दैन ।'

बैठकमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले अख्तियारले कुनै पनि राजनीतिक दबाबविना स्वतन्त्र रूपमा काम गर्नुपर्नेमा जोड दिए । 'अख्तियार दुरूपयोग अनुसन्धान आयोग न त सरकारको छायामा पर्नुपर्ने संस्था हो, न यसले सरकारलाई माया नै गर्नुपर्छ,' लामिछानेले भने, 'म सत्तारुढ दलको सभापतिको हैसियतले यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु कि हाम्रोतर्फबाट कुनै पनि प्रकारको राजनीतिक हस्तक्षेप वा आग्रह-पूर्वाग्रह हुने छैन । तपाईंहरू कसैको प्रभावमा नपरी निष्पक्ष ढंगले इतिहास रच्नेगरी काम गर्नुहोस् ।'

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार बलियो हुनुपर्ने सरकारी नीति रहे पनि आयोग त्रास सिर्जना गर्ने निकाय बन्न नहुने तर्क राखिन् । 'अख्तियार बलियो हुनुपर्छ भन्नेमा सरकार दृढ छ । तर, यो त्रास सिर्जना गर्ने वा कसैलाई विनाप्रमाण पगरी गुथाउने स्वेच्छाचारी संस्था बन्नु हुँदैन,' मन्त्री गौतमले भनिन्, 'यसले निष्पक्षता, व्यावसायिकता र सुशासन कायम गर्दै प्रमाणका आधारमा अनुसन्धान गरी नागरिकमा विश्वास जगाउने संस्थाको छवि बनाउनुपर्छ ।'

भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि प्रणालीगत सुधार गर्न सरकार पूर्णरूपमा तत्पर रहेको स्पष्ट पार्दै मन्त्री गौतमले सरकारले सुशासनलाई केन्द्रमा राखेको बताइन् । 'सरकार भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि पूर्णरूपमा प्रतिबद्ध छ । हामीले राष्ट्रिय सदाचार नीति, २०८३ लाई मन्त्रिपरिषद्बाट स्वीकृत गराएर कार्यान्वयनमा ल्याइसकेका छौं । अख्तियारको संवैधानिक स्वतन्त्रता र कानुनी अधिकारको पूर्ण सम्मान गर्दै सरकार प्रणालीगत कमजोरी सुधार्न र कानुनहरूलाई थप चुस्त बनाउन तत्पर छ,' उनले भनिन् ।

■■■

### राप्रपामा बढ्या...

तर, नेतृत्वले त्यसलाई स्वीकार नगरी तत्काल कारबाही अघि बढाएको उनको आरोप छ । 'विस्तृतरूपमा छानबिन गरी विगतमा भएका त्रुटि र कमजोरीलाई समेत सच्याउँदै अध्ययन गरेर समिति बनाऔं र समितिको प्रतिवेदनअनुसार निर्णय गरौं भनेर आग्रह गरेका थियौं तर पहिले नै तयारीका साथ केही साथीहरू आउनुभएको रहेछ । उहाँहरूले बागमती प्रदेश संसदीय दलको नेतालाई कारबाही गर्ने जबरजस्ती निर्णय गर्नुभयो,' थापाले भने । उनले आफूलगायत केही नेताले निर्णयविरुद्ध लिखितरूपमा असहमति राखेकोसमेत बताएका छन् । यसले असन्तुष्टि अनौपचारिक छलफल वा गुटगत असहमति नभई पार्टीको औपचारिक निर्णय प्रक्रियामै अभिलेख भएको देखाउँछ ।

#### पार्टी निर्णय उल्लंघन

अध्यक्ष लिङ्देन पक्ष भने बागमतीको घटनालाई पार्टी अनुशासनको विषयका रूपमा हेरिरहेको छ । बागमतीमा राप्रपाले कुनै दललाई समर्थन नगर्ने निर्णय गरेको अवस्थामा उद्धव थापासहितका सांसदले एमाले नेतृत्वमा सरकार गठनमा सहयोग गरेको भन्दै नेतृत्वले कारबाहीको बाटो रोजेको हो । 'पार्टी केन्द्रको निर्णय नस्वीकार्ने प्रवृत्ति ठीक होइन,' उनले बिहीबार पत्रकार सम्मेलनमा भने, 'त्यस्तो मान्छेलाई कारबाही नगरेर के गर्नु ?'

लिङ्देनले उद्धवलाई साधारण सदस्य र प्रदेशसभा सदस्यबाट समेत कारबाही गरिएको बताएका छन् । सरकारमा सहभागी हुने अन्य नेतामाथि पनि कारबाही हुनसक्ने नेता जनकराज पाठकले बताए । यसबाट अध्यक्ष लिङ्देनको सन्देश देखिन्छ कि पार्टीले गरेको निर्णयभन्दा बाहिर गएर संसदीय दलले आफ्नो हिसाबले राजनीतिक निर्णय गर्न पाउने छैन । तर, यही कठोरताले अहिले स्वयं लिङ्देनलाई अर्को अप्ठ्यारोमा पारेको छ । पार्टी निर्णय कार्यान्वयन गराउने नाममा नेतृत्वले आन्तरिक असहमति र फरक मतलाई पर्याप्त स्थान नदिएको आरोप वरिष्ठ नेताहरूले लगाएका छन् ।

लोहनी, कमल, पाण्डे र विक्रम थापासहितका नेताहरूले अध्यक्ष लिङ्देनको कदममाथि प्रश्न उठाउँदै उद्धवको कारबाहीको विरोधमात्र गरेका छैनन् । उनीहरूले राप्रपाको समग्र राजनीतिक दिशामाथि नै बहस आवश्यक रहेको बताए ।

उनीहरूले खासगरी तीन प्रश्न उठाएका छन् । पहिलो, वर्तमान परिस्थितिमा राप्रपा विभिन्न तहका सरकारमा सहभागी हुनु कति उपयुक्त हो ? दोस्रो, यसअघि संघ तथा प्रदेश सरकारमा सहभागी हुने निर्णय र प्रदेशका सभामुख तथा उपसभामुख पदमा रहिरहने विषय कति सान्दर्भिक थियो ? तेस्रो, भदौ २४ गतेको आन्दोलनपछि संघ र प्रदेशका सांसदहरूले दिएको राजीनामाको औचित्य के हो ? यी प्रश्नले बागमती प्रकरणलाई एउटा प्रदेशको सरकार गठनसम्बन्धी विवादबाट निकालेर राप्रपाको समग्र सत्ता रणनीतिसँग जोडिदिएको छ ।

■■■

### पुरानो गुटगत...

वरिष्ठ नेताहरूले जारी गरेको वक्तव्यमा पार्टी अत्यन्तै जटिल मोडबाट गुज्रिरहेको उल्लेख गर्दै आपसी एकता र सद्भाव कायम राख्नु अपरिहार्य रहेको बताएका छन् । यसको अर्थ नेतृत्वलाई उनीहरूले प्रत्यक्ष रूपमा एउटा राजनीतिक सन्देश दिएका छन्- अहिले पार्टीभित्र कारबाही बढाउनेभन्दा संवाद र सहमति खोज्ने समय हो ।

राप्रपाले पछिल्ला वर्षमा संगठन विस्तार, राजसंस्था र हिन्दूराष्ट्रको मुद्दासहित वैकल्पिक राजनीतिक शक्ति बन्ने दाबी गर्दै आएको छ । तर नेतृत्वभित्रै बारम्बार विवाद बढ्दै जाँदा त्यसको असर संगठन र जनतामाझको सन्देशमा पर्नसक्ने चिन्ता पनि छ । बागमती प्रकरणमा यही चिन्ता अहिले फेरि प्रकट भएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०८ मा दर्ता भएको **प्रा. लि. नं. १५४५३५** को **ह्वाइट माउन्टेन एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०६९/०२/१० मा दर्ता भएको **पम्फा पोल्ट्री सप्लायर्स प्राइभेट लिमिटेड (प्रा. लि. नं. ९३३६४)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
जनकपुर शाखा, जनकपुर उपमहानगरपालिका
सम्पर्क फोन: +९७७-०४१-५९०५७०/७१

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री हाजी लोटनको नाती, मौजे मियाको छोरा, मधेश प्रदेश, धनुषा जिल्ला, बिन्धी गा.वि.स. वडा नं. ३, मा स्थायी ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. २३, मा बस्ने बर्ष बस्ने ६३ वर्षको श्री मो. समसुदीन राईनको मिति २०८२/११/२९ (ई.सं. १३/०३/२०२६) मा मृत्यु भएकोले स्व. मो. समसुदीन राईनको पत्नी मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. २३ बस्ने श्रीमती मयमुन खातुनले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उपमहानगर पालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०४।०६ मा दर्ता भएको प्रा.लि.नं. २१९१८९ को **खुशी यातायात प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५

यस भैरूङ सा.व.उ.स. कनपा-१९ सिन्धुलीको आर्थिक वर्ष २०८१/०८२ को नियमानुसार कटान मुछान भइ उत्पादित भएको तगा आपूर्ति समितिबाट फिर्ता भई आएको र काठ लिलामका लागि साल जातको विभिन्न ग्रेडको ३३ थानको ४०२.८० क्युफिट काठ घाटगद्दीमा रहेकाले काठ हाल जे-जस्तो अबस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पूर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुहको कार्यालयमा सूचना टाँस गरिएको छ ।

(अध्यक्ष)
श्री भैरुङ्ग सा.व.उ.स. कनपा- १०, सिन्धुली

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०५ गते

यस कम्पनीको मिति २०८३/०४/२७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **के.एण्ड.बि.मेसिनरी वर्क्स प्रा.लि.**को नाम परिवर्तन गरी **भालेश्वर महादेव हेभी इक्विपमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. (दर्ता नम्बर २९९४८०)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/०५ गते

यस कम्पनीको मिति २०८३/०४/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **थर्ड आई प्रोडक्सन प्रा.लि.**को नाम परिवर्तन गरी **भेलोरा इन्टेरियर्स प्रा.लि.(दर्ता नम्बर १६४०२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/२८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Leader Overseas Pvt. ltd.** (ई.प.नं. १४०८/०७४/०७५) मा कार्यरत **आशा घर्ती मगर (ना.प्र.प.नं. ५४-०१-७३-०२८३२, रोल्पा)** यही मिति : ०५/०५/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 1408/074/75
**Leader Overseas Pvt. ltd.**
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
मलंगवा शाखा, मलंगवा नगरपालिका, सर्लाही
सम्पर्क फोन: +९७७-०४६-५२१४४१/४२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री ठगा साहको नाति, वालदेव तेली को छोरा, मधेश प्रदेश सर्लाही जिल्ला रामनगर न.पा. वडा नं. ०४ बस्ने ७४ वर्षको श्री राम चन्द्र साह तेलीको मिति २०८२/०९/०८ (ई.सं. २३/१२/२०२५) मा मृत्यु भएकोले स्व. राम चन्द्र साह तेलीको छोरा हाल सर्लाही जिल्ला रामनगर न.पा. वडा नं. ०४ बस्ने छोरा रमेश साहले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मलंगवा शाखा, मलंगवा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

**युएइमा रोजगार** कम्पनी : KTB CARPENTRY & FLOORING CONTRACTING LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/०४ LT. No. 346772 चलानी नं. ६०२५९९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist Carpenter | 1 | 0 | 1500 | ६२,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assit. Plumber | 2 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 3. | Building - General | 2 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 4. | Carpenter | 2 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 5. | Stone Mason | 2 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 6. | Tile Layer | 2 | 0 | 1500 | ६२,१८१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ५७४/०६२/०६३
**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : HUIA ARCHITECT ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ LT. No. 346784 चलानी नं. ६०२६००१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaner | 3 | 0 | 1400 | ५६,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
**POWER EMPLOYMENT PVT.LTD.**
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com

**युएइमा रोजगार** कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..
पूर्व स्वीकृति मिति : २०८३/०५/०४ LT. No. 346628 चलानी नं. ६०२६०००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor/Helper | 100 | 0 | 1000 | ४१,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३७३७११/०८२/०८३
**Globe Asia Air International Overseas Pvt. Ltd**
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9863184127, 980-2907636
E-mail: info@globeasiaoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : RIGEL CONSTRUCTIONS LLC
पूर्व स्वीकृति मिति : २०८२/०८/२३ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०३ LT. No. 335009 चलानी नं. ६०२४८६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | 1000 | ४१,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MASON | 6 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 3. | STEEL FIXER | 5 | 0 | 1500 | ६२,१८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL WORLD LIC No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**साउदीमा रोजगार** कम्पनी : ADVANCED STANDARDS LOGISTICS SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/०४ LT. No. 346852 चलानी नं. ६०२६००२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ७३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अख्तियारलाई शक्ति केन्द्रको छायाबाट मुक्त गर

नेपालमा संवैधानिक आयोगहरूको परिकल्पना राज्यको कार्यकारी अधिकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्न र कानुनी शासनको प्रत्याभूति दिलाउन गरिएको हो। विशेषगरी भ्रष्टाचारीहरूमाथि कारबाही गरी सुशासन कायम गर्ने प्रमुख जिम्मेवारी बोकेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता निकायको निष्पक्षता, स्वायत्तता र साखमाथि नै प्रश्न उठ्नु लोकतान्त्रिक व्यवस्थाका लागि निकै चिन्ताजनक विषय हो। बिहीबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा प्रमुख आयुक्त प्रेमकुमार राईले पोखेको गुनासो र उजागर गरेको दृश्यले राज्यका संयन्त्रहरू कसरी कार्यकारीको दबाबमा पिसिएका छन् भन्ने कुरूप यथार्थलाई छताछुल्ल पारेको छ।

बिहीबारको संसदीय समिति बैठकमा प्रमुख आयुक्त राईले प्रधानमन्त्री कार्यालयको हस्तक्षेप, पूर्ण कार्यकाल नपुग्दै अनुसन्धानमा खटिएका कर्मचारीहरूको सरुवा र नीतिगत निर्णयमा छानबिन गर्न नपाउने कानुनी सीमाका कारण आयोग दिनप्रतिदिन कमजोर बन्दै गएको कुरा सार्वजनिक गरे। सबैभन्दा गम्भीर र आपत्तिको विषय त के छ भने, राहदानी छपाइ प्रकरणमा आफूलाई प्रधानमन्त्री वालेन्द्र शाह र उनको सचिवालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाएर दिनभर एउटा कोठामा राखी मुद्दा दायर गर्न दबाब दिएको घटनालाई प्रमुख आयुक्तले स्वीकारेका छन्। पुराना परम्परागत राजनीतिक शक्तिहरूलाई विस्थापित गर्दै सुशासन, परिवर्तन र विधि पद्धति स्थापित गर्ने नारा दिएर सत्तामा पुगेको नयाँ नेतृत्वबाटै संवैधानिक निकायलाई नियन्त्रणमा लिने, निर्देशन दिने र शक्ति प्रदर्शन गर्ने प्रयास हुनु अत्यन्तै दुःखद् र खेदजनक छ।

सुशासनको मुख्य आधार नै शक्ति पृथकीकरण र संवैधानिक निकायहरूको स्वायत्तता हो। यदि प्रधानमन्त्री कार्यालयले अख्तियारका कर्मचारी वा प्रमुख आयुक्तलाई आफूअनुकूल परिचालन गर्ने वा कार्यकक्षमा बोलाएर मुद्दासम्बन्धी दबाब दिने परिपाटी बसाल्छ भने अख्तियार संवैधानिक अंग नरहेर प्रधानमन्त्री कार्यालयको एउटा महाशाखा वा शाखामा सीमित हुन पुग्छ। यसले न त न्यायको सिद्धान्तलाई मद्दत गर्छ, न त भ्रष्टाचार नियन्त्रणको अभियानलाई नै गति दिन्छ। कार्यपालिकाले संवैधानिक आयोगहरूलाई आफ्नो राजनीतिक लाभ वा पूर्वाग्रह साट्ने हतियार बनाउनु हुँदैन।

अख्तियारभित्र प्रणालीगत समस्याहरू पनि उत्तिकै छन्। मन्त्रिपरिषद्का नीतिगत निर्णयका नाममा हुने ठूला भ्रष्टाचारका काण्डहरूमा छानबिन गर्न नपाउने कानुनी अड्चन, आयोगमा अनुसन्धानरत कर्मचारीलाई विनापरामर्श सरुवा गरिदिने सरकारी शैली र प्रविधिको दुरूपयोग गरी विदेशमा हुने सम्पत्ति शुद्धीकरण (मनी लाउण्ड्रिङ) नियन्त्रण गर्न चाहिने अन्तर्राष्ट्रिय कानुनको अभावले आयोगलाई पंगु बनाएको छ। गिरीबन्धु, ओम्नी, पोखरा विमानस्थलजस्ता ठूला काण्डहरूमा जनताले निष्पक्ष र निर्भीक अनुसन्धानको अपेक्षा गरेका छन्। तर, आयोग नै सरकारको दबाबमा पर्ने हो भने नागरिकको भरोसा कसरी जोगिन सक्छ ?

सुशासन भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ। वालेन्द्र सरकारले संवैधानिक आयोगको मर्यादा जोगाउन तुरुन्तै हस्तक्षेपकारी शैली त्याग्नुपर्छ। आयोगका कर्मचारीहरूको सरुवामा निश्चित मापदण्ड बनाउने, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकलाई यथाशीघ्र अगाडि बढाउने र आयोगलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउनेतर्फ सरकार गम्भीर बनोस्। अख्तियारलाई नाममात्रको काजी निकाय होइन, वास्तविक अर्थमा भ्रष्टाचारविरुद्धको शक्तिशाली र स्वतन्त्र संयन्त्र बनाउन सरकार र राजनीतिक दलहरूले इमानदार प्रतिबद्धता जनाउनै पर्छ।

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# जलवायु संकट पन्छाउने बाटोः 'पोखरी दशक'



❑ डा. चेतनाथ कणेल

"जलवायु परिवर्तन रोक्ने विश्वव्यापी वा राष्ट्रव्यापी प्रयास सानै स्तरबाट भए पनि पालिकापालिका र वडावडाबाट जोडतोडका साथ थालिनु आवश्यक छ। तर त्यससँगै यी स्थानीय तहमा जलवायु परिवर्तनका असर सामना गर्ने क्षमता बढाउनु पनि उत्तिकै आवश्यक छ। त्यसको सुरुआत पानीबाट गरौं। हरेक पालिकाले जलसञ्चयको योजना बनाओस्, हरेक प्रदेशले त्यसलाई अभियानका रूपमा अघि बढाओस् र नेपालले आगामी दशकलाई 'पोखरी दशक' घोषणा गरी कार्यान्वयन गरोस्।"

नेपाल जलस्रोतमा धनी देश हो भन्ने कुरा हामीले पुस्तौंदेखि सुन्दै आएका छौं तर पानीको स्रोत हुनु र आवश्यक परेका समयमा आवश्यक ठाउँमा पानी उपलब्ध हुनु एउटै कुरा होइन। पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रो जलचक्रमा तीव्र परिवर्तन भइरहेको छ। बढ्दो तापक्रम, अनियमित वर्षा, लामो खडेरी, पानीका मुहान सुक्नेक्रम र हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने समस्याले नेपालका पहाडी तथा हिमाली बस्तीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ। यस्तो अवस्थामा अब पानीको संरक्षण र जलसञ्चयलाई स्थानीय तहको विकासको एउटा प्रमुख आधार नबनाई सुखै छैन।

जलवायु परिवर्तनका असर हामीले समाचारमा मात्र होइन, आफ्नै गाउँघर र वरिपरिको प्रकृतिमा देख्न थालेका छौं। गर्मी बढ्दै गएको छ। पानीका परम्परागत मुहान सुक्दै छन्। वर्षायाममा पनि पानी पर्नेक्रम कतिपय ठाउँमा घटेको छ भने पानी पर्दा एकैपटक ठूलोमात्रामा पर्ने र त्यसपछि लामो समयसम्म पानी नपर्ने प्रवृत्ति बढिरहेको छ। एकातिर आकस्मिक बाढी र पहिरोको जोखिम बढेको छ भने अर्कोतिर लामो खडेरी र सुक्खाको समस्या गहिरिँदै गएको छ। हिउँले सेताम्मे हुनुपर्ने पहाड तथा हिमाली क्षेत्र पनि समयमा हिउँ नपर्दा वा कम हिउँपर्दा 'काला पहाड'मा परिणत हुँदै गएका दृश्य असामान्य लाग्न छाडेका छन्। समग्रमा जलवायुजन्य समस्या बर्सेनि थपिँदै गएको छ।

यसको प्रत्यक्ष असर मानव जीवनमा परेको छ। पानीका मुहान सुक्दा बस्ती नै छोडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भइरहेको छ। समयमा खेतीपाती लगाउन नपाउँदा उत्पादन घट्ने, खाद्य संकट निम्तिने र अनिकाल तथा भोकमरीका दुःखद् कथा बढ्ने सम्भावना छ। पशुपालन, वनस्पति, वन्यजन्तु र समग्र जैविक प्रणाली अर्थात् पारिस्थितिकीय प्रणाली (इकोलोजिकल सिस्टम) पनि पानीको अभावबाट प्रभावित हुँदै छन्। त्यसैले जलवायु परिवर्तनसँग जुध्ने स्थानीय अनुकूलनको पहिलो आधारमध्ये पानी व्यवस्थापनलाई लिनुपर्छ भन्ने तर्क आजभोलि झन् प्रखर बन्दै गइरहेको छ।

### जलसञ्चय अभियान

हामीले अब बगेर खेर जाने पानीलाई सकेसम्म रोक्नुपर्छ। वर्षायाममा आउने पानीलाई हिउँदयामका लागि सञ्चित गर्नुपर्छ। यसको एउटा सरल, स्थानीय र व्यावहारिक उपाय पहाडी क्षेत्रमा कृत्रिम ताल, पोखरी, कुण्ड तथा साना जलाशय निर्माण गर्नु हो। यस्ता संरचनाले तत्काल खानेपानीको आवश्यकता पूरा गर्नेमात्र होइन, जमिनमा चिस्यान कायम राख्न, भुजल पुनर्भरण (रिचार्ज) गर्न, वनस्पति र घाँसे मैदानलाई हरियो राख्न तथा स्थानीय वातावरणलाई सन्तुलित बनाउन सहयोग पुर्‍याउँछन्।

केही पालिकाहरूले यस दिशामा काम गरेर उदाहरण प्रस्तुत गरिसकेका छन्। तर पोखरी निर्माण र जलस्रोत संरक्षणले अझै पनि स्थानीय तथा राष्ट्रिय विकासको अपेक्षित प्राथमिकता पाउन सकेको छैन। अब हरेक प्रदेश र पालिकाले आफ्नो भौगोलिक अवस्था, पानीको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा जलसञ्चयको दीर्घकालीन योजना बनाउन आवश्यक छ। पोखरी संरक्षण, नयाँ पोखरी निर्माण, पुराना कुलो तथा धाराको पुनर्जीवन, सिमसार क्षेत्रको संरक्षण र वर्षाको पानी संकलनलाई एउटै अभियानका रूपमा अघि बढाउनुपर्छ।

म भर्खरै मुस्ताङबाट फर्केको छु। जोमसोम तथा मुक्तिनाथ वरिपरि ३६० डिग्रीमा फर्केर हेर्दा एउटा कुरा निकै स्पष्ट देखिन्छ मुस्ताङलाई 'सुक्खा जिल्ला'का रूपमामात्र हेरेर बस्ने होइन, उपलब्ध पानी तथा चिस्यानलाई कसरी जोगाउने भन्ने सोच विकास गर्न सकियो भने त्यहाँका धेरै भूभागमा हरियाली विस्तार गर्न सकिन्छ। उदाहरणका लागि कागबेनीबाट पारिपट्टि हेर्दा एउटा स्थानमा सीमित मात्रामा भए पनि पानीको उपलब्धता र सम्भावना देखिन्छ। वर्षाका बेला त्यहाँ भल बग्छ, हिउँदमा केही हिउँ पनि पर्छ। त्यो पानी र हिउँलाई जोगाएर राख्ने पद्दति विकास गर्न सकियो भने अहिले देखिएको हरियालीको क्षेत्र र अवधि दुवै बढाउन सकिने सम्भावना देखिन्छ।

कागबेनीपारिको त्यो स्थान एउटा सानो उदाहरणमात्र हो। मुक्तिनाथ जाने बाटोको 'सेल्फीडाँडा' वरिपरि, लुप्रा गाउँ जाने बाटोको तल रहेको पाण्डा खोली किनार तथा लुप्रामाथि मुक्तिनाथतर्फ पैदल जाने बाटोछेउका चरन क्षेत्र र सुन्दर पाटनमा पनि स्थानीय भूगोल अनुकूल कृत्रिम ताल वा कुण्ड निर्माणको सम्भावना खोज्न सकिन्छ। यस्ता जलाशय निर्माण गर्दा ठूलो र खर्चिलो आयोजना नै चाहिन्छ भन्ने छैन। स्थानीय सामग्री, श्रम र भूगोलको उपयोग गरेर साना-साना जलाशयहरूको सञ्जाल (वेटल्यान्ड नेटवर्क) बनाउन सकिन्छ। एउटै ठूलो पोखरीभन्दा ठाउँअनुसार बनाइएका धेरै साना पोखरीले पनि दीर्घकालीनरूपमा ठूलो योगदान दिन सक्छन् भन्ने कुरा भारतलगायत अन्य देशका उदाहरणहरूले देखाएका छन्।

मुस्ताङको दृष्टान्तलाई अन्य पहाडी तथा हिमाली जिल्लामा पनि विस्तार गर्न सकिन्छ। जहाँ वर्षाको पानी तीव्र गतिमा बगेर जान्छ, त्यहाँ सम्भाव्यता अध्ययन गरेर पानी रोक्ने संरचना (ढुंगे डयामहरू) बनाउन सकिन्छ। चरन क्षेत्र, पाटन, वनक्षेत्र र बस्ती आसपासमा आवश्यकताअनुसार पोखरी तथा कुण्ड निर्माण गर्न सकिन्छ। यसले पानीको उपलब्धता बढाउनुका साथै स्थानीय वनस्पति, पशुपालन र समग्र जैविक विविधता तथा 'इकोसिस्टम'को विकास एवं संरक्षणमा पनि योगदान पुर्‍याउँछ।

### अब "पोखरी दशक"को संकल्प

माथिको छलफल र दृष्टान्तका आधारमा नेपालमा अबको दशकलाई 'पोखरी दशक'का रूपमा अघि बढाउने हो कि भन्ने विषयमा गम्भीर बहस गर्नुपर्ने बेला आएको महसुस भएको छ। स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री विकास तथा जलवायुजन्य विपद्बाट मुक्ति पाउने अभियानलाई जलसञ्चयसँग जोड्नु अपरिहार्य छ। पहाड र हिमाली क्षेत्रमामात्र होइन, चुरे, भावर र मधेस-तराई क्षेत्रमा पनि ताल, पोखरी, कुण्ड तथा सिमसार निर्माण र संरक्षणको अभियान चलाउन आवश्यक छ। तराईका ट्युबवेल र इनारमा पानीको सतह घटेको, कतिपय ठाउँमा सुक्दै गएका समाचार हामी नियमित सुन्दै र पढ्दै आएका छौं। यसको दीर्घकालीन समाधानमध्ये भूमिगत पानीको पुनर्भरण र वर्षाको पानी संरक्षण अत्यन्त महत्त्वपूर्ण र व्यावहारिक उपाय हो।

सरकारी कार्यक्रमलाई पनि यही दिशामा पुनर्संरचना गर्न सकिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झारपात उखेलेर, सडक बढारेर वा क्षणिक प्रकृतिका काममामात्र श्रम खर्च गर्नुभन्दा पछिल्ला पुस्तासमेत लाभान्वित हुने जलसञ्चयका संरचना निर्माणमा जनशक्ति परिचालन गर्नु बढी समसामयिक र दूरदर्शी हुनसक्छ। पोखरी खन्ने, पुराना पोखरी पुनर्जीवन गर्ने, जलाधार संरक्षण गर्ने, सिमसार क्षेत्र विस्तार गर्ने र पानीका मुहान संरक्षण गर्ने कामलाई रोजगार तथा विकास कार्यक्रमसँग जोड्नसक्ने प्रशस्त सम्भावना छ।

यस अभियानमा पालिका र प्रदेशबीच स्वस्थ प्रतिस्पर्धासमेत गराउन सकिन्छ। कुन पालिकाले आफ्नो भूगोलअनुसार बढी प्रभावकारी पोखरी निर्माण गर्‍यो ? कहाँ सुकिसकेको मुहान पुनर्जीवित भयो ? कुन पालिकाले बढी क्षेत्रफलमा सिमसार संरक्षण गर्‍यो ? कुन प्रदेशले पानी संरक्षणबाट कृषि, वन र जैविक विविधतामा उल्लेखनीय सुधार ल्यायो ? यस्ता सूचकका आधारमा उत्कृष्ट पालिका र प्रदेशलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिन्छ।

विश्व अनुभवले भन्छ, स्रोत व्यवस्थापनको पहिलो आधार नै पानी व्यवस्थापन हो। पानी प्राप्ति र पानीको संरक्षणविना विकासका अन्य धेरै प्रयास अधुरा हुन्छन्, असम्भव हुन्छन्। हाम्रो इतिहाससमेत पानीसँग जोडिएको छ। पानीकै खोजीमा हाम्रा बाजे-बराजु कोही पूर्वबाट पश्चिमतर्फ, कोही पश्चिमबाट पूर्वतर्फ, कोही उत्तरबाट दक्षिणतर्फ सरे। पानी, उर्वर भूमि र जीवनको सम्भावना खोज्दै भएका त्यस्ता बसाइँसराइले नै आज हामीलाई विभिन्न भूगोल, संस्कृति र विविध पहिचानले चिनाएको यथार्थ कसैले नकार्न सक्दैन।

### निष्कर्ष

अब हाम्रा सन्ततिले पानीको खोजीमा आफ्नै थातथलो छोडेर हिँड्नुपर्ने अवस्था नआओस्। त्यसका लागि आजैदेखि पानीको सम्मान, संरक्षण र सञ्चय गर्नुपर्छ। बगेर जाने पानीलाई रोकौं, सुक्दै गरेका मुहानलाई जोगाऔं, पोखरी र कुण्ड बनाऔं, सिमसार क्षेत्र विस्तार गरौं र हाम्रा डाँडाकाँडा तथा पाखापखेरालाई चिस्यानयुक्त र हरितमय बनाऔं। यही हरित वातावरणमा नै धेरै कुरा सम्भव छ। पर्यटनको अपार सम्भावना यसमै लुकेको छ। समग्रमा, 'हरित अर्थतन्त्र' पनि यसमै जाग्ने छ, टिक्ने छ।

जलवायु परिवर्तन रोक्ने विश्वव्यापी वा राष्ट्रव्यापी प्रयास सानै स्तरबाट भए पनि पालिकापालिका र वडावडाबाट जोडतोडका साथ थालिनु आवश्यक छ। तर त्यससँगै यी स्थानीय तहमा जलवायु परिवर्तनका असर सामना गर्ने क्षमता बढाउनु पनि उत्तिकै आवश्यक छ। त्यसको सुरुआत पानीबाट गरौं। हरेक पालिकाले जलसञ्चयको योजना बनाओस्, हरेक प्रदेशले त्यसलाई अभियानका रूपमा अघि बढाओस् र नेपालले आगामी दशकलाई 'पोखरी दशक' घोषणा गरी कार्यान्वयन गरोस्। समय घर्किसकेको छ। भोलि मुहान सुकिसकेपछि पोखरी खोज्नुको अर्थ हुँदैन। आज पानी बगिरहेको छ, आजै त्यसलाई जोगाउनुपर्छ। हाम्रा बस्ती, खेती, वन, वन्यजन्तु र भावी पुस्ताको भविष्य पानीसँग जोडिएको छ। सबैलाई चेतना भया। *रासस*

*(लेखक स्रोत व्यवस्थापन तथा पर्यटन विशेषज्ञ हन्)*

पाठक मञ्च

## गुगल फाराम र भाषण होइन, जनतालाई परिणाम चाहियो

नेपालमा आमनिर्वाचनमार्फत प्राप्त स्पष्ट जनादेशपछि बनेको वर्तमान सरकार र सत्तारूढ दलप्रति जनताको आशा एवं अपेक्षा अत्यन्तै उच्च छ। विशेषगरी नयाँ राजनीतिक सोच, युवा नेतृत्व र सुशासनको नारासहित शक्तिमा आएको दलबाट परम्परागत राजनीतिक खिचातानीभन्दा भिन्न र परिणाममुखी कार्यसंस्कृतिको अपेक्षा गरिनु स्वाभाविक हो। तर, सरकार गठन भएको केही समयमै मन्त्री र सांसदहरूबीच दूरी बढ्नु, निर्वाचन क्षेत्रका समस्याप्रति चासो नदिनु र पार्टीभित्रैबाट सरकारको कामकारबाहीमा असन्तुष्टि हुर्कनु चिन्ताको विषय हो। समाचारमा उल्लेख भएझैं पार्टी सभापति रवि लामिछानेले पार्टीभित्रको यो असन्तुष्टिलाई सम्बोधन गर्न अग्रसरता देखाउनु सकारात्मक देखिन्छ। तर, संसदीय दलको बैठक बस्न नसक्नु, बैठक वा छलफलहरूमा संसदीय दलका नेता एवं प्रधानमन्त्री वालेन्द्र शाहको अनुपस्थितिले सत्तारुढ दलभित्र आन्तरिक व्यवस्थापन र सञ्चारको गम्भीर अभाव छ भन्ने प्रस्ट पार्छ।

सभापति लामिछानेले मन्त्रीहरूको तत्काल हेरफेरभन्दा कार्यशैली सुधारमा जोड दिँदै प्रचारभन्दा परिणाममुखी काममा ध्यान दिन दिएको निर्देशन समयोचित छ। यद्यपि, निर्देशन र भाषणमामात्र सीमित सुधारले नागरिकका दैनिक समस्या हल हुन सक्दैनन्। मन्त्रीहरूले सांसदहरूले उठाएका जनसरोकारका विषयलाई बेवास्ता गर्ने र सांसदहरूले आफ्नै सरकारविरुद्ध विपक्षीभन्दा चर्को रूपमा प्रस्तुत हुनुपर्ने स्थिति आउनुले सरकार र संसद्बीचको समन्वय कति कमजोर छ भन्ने देखाउँछ।

अर्कोतर्फ, सरकार जति नै बलियो भए पनि संसद्मा विपक्षी दलहरूको एकताबद्ध उपस्थिति र जनस्तरबाट हुने खबरदारीले सरकारलाई जिम्मेवार बनाउन मद्दत गर्छ। सरकारको लोकप्रियता भाषण वा प्रचारबाट होइन, बजारमा उपभोग्य वस्तुको सहज आपूर्ति, सेवा प्रवाहमा सरलता र विकास निर्माणका काममा देखिने नतिजाबाट प्रमाणित हुन्छ। हालै बजारमा देखिएको ग्यास अभाव र त्यसको बजेट व्यवस्थापनबारे उठेका विषयहरूले आमनागरिकको चुलोसँग जोडिएका समस्या समाधानमा सरकार अझै गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याउँछन्।

त्यसैगरी, योग्यताक्रम र समावेशिताको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने, नियुक्तिहरूमा विधि र प्रक्रिया मिच्न नदिने, र सांसदहरूलाई संसद् बैठकमा नियमित गराउनेजस्ता प्रतिबद्धताहरूलाई कडाइका साथ पालना गराउनु नेतृत्वको मुख्य जिम्मेवारी हो। आफूले बनाएको संसद् नियमावली आफैंले पालना नगर्ने प्रवृत्तिले लोकतान्त्रिक संस्थाहरूको साख गिराउँछ। रास्वपाले आफूलाई संस्थागत राजनीतिक दलका रूपमा स्थापित गर्दै लैजाने क्रममा देखिएका यी आन्तरिक चुनौतीहरूलाई केवल पार्टीभित्रको विषयमात्र नमानी सार्वजनिक जवाफदेहिताको कसमसभित्र राखेर हेर्नुपर्छ। पाँच वर्षका लागि प्राप्त जनमतलाई अवसरका रूपमामात्र नलिई जनअपेक्षा पूरा गर्ने ऐतिहासिक जिम्मेवारीका रूपमा लिनु आवश्यक छ।

अन्ततः प्रधानमन्त्री शाहको नेतृत्व र पार्टी सभापतिको समन्वयमा सरकार, दल र संसद्बीचको सहकार्य अझ प्रगाढ बनोस्। कार्यशैलीमा ठोस सुधार ल्याई जनताले अनुभूत गर्नेगरी परिणाममुखी काम गर्न वर्तमान सरकार सफल रहोस् भन्ने नै आमनागरिकको चाहना हो।

**- उमेश भट्टराई**
तारकेश्वर, काठमाडौं




**क्षमा पूजा** | भक्तपुर नगरपालिका–२ खौमास्थित इन्द्रायणी द्योछेँ मन्दिर परिसरमा बिहीबार क्षमा पूजा गर्दै स्थानीय । *तस्बिरः रासस*

# ‘मौरिस हर्जोंग’ पदमार्गमा ‘स्मार्ट’ सूचना प्रणाली

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण आधार शिविर जोड्ने ‘मौरिस हर्जोंग’ पदमार्गको ‘स्मार्ट’ सूचना प्रणाली तयार भएको छ ।

जिल्ला प्रहरी कार्यालयले ‘क्युआर कोड’को सहायतामा नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको ‘मौरिस हर्जोंग’ पदमार्गको सम्पूर्ण जानकारी प्राप्त गर्न सकिने सूचना प्रणाली तयार पारेको हो ।

बेनीदेखि आधार शिविरसम्मका होटल तथा रेस्टुरेण्ट, आश्रयस्थल, सवारी चालकको सम्पर्क नम्बर, एकदेखि अर्को गन्तव्यसम्म पुग्न लाग्ने समय, उचाइ, समस्या परेमा सम्पर्क गर्ने निकायको फोन नम्बरसहितका विवरण मोबाइलबाटै हेर्न सकिने व्यवस्था मिलाएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिए ।




‘आधार शिविर भ्रमणमा जानुअघि पूर्वसूचना प्राप्त गर्न व्यक्तिलाई फोन गरिरहन नपरोस् र यात्राका क्रममा अप्ठ्यारो परेमा सहयोग लिनका लागि पर्यटकलाई सहज होस् भन्ने उद्देश्यले कार्यालयकै जनशक्तिको सीप, अनुभव र दक्षताको प्रयोग गरी स्मार्ट सूचना प्रणालीको विकास गरेका हौं,’ उनले भने, ‘स्मार्ट सूचना प्रणालीलाई अपटेड, परिमार्जन गर्दै निरन्तरता दिनेछौं ।’

प्रहरी निरीक्षक सागर तिमिल्सिनाले फोनमार्फत अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गका बारेमा जानकारी माग्नेहरू धेरै भएकाले कसैलाई फोन नगरी सहजै सूचना पाउने प्रणाली तयार पारिएको बताए । बसपार्क, होटल, प्रहरी चौकी, सार्वजनिकस्थलमा आम नागरिकको सहज पहुँच हुनेगरी ‘क्युआर कोड’ टाँस्ने र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरिने उनको भनाइ छ ।

समुन्द्री सतहदेखि चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको छ । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग वि.सं. २०७७ देखि सञ्चालनमा आएको थियो ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ। नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ । आधार शिविरमुनि समुन्द्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ ।

आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ। एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी संकलन भएर बनेको प्राकृतिक हिमताल हो । अन्नपूर्ण हिमाल र पञ्चकुण्डताललाई एकै पटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता हो । *रासस*

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y01 | N/A | CHINA | PCS | 8,100.00 | 13,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y02 | N/A | CHINA | PCS | 8,600.00 | 13,600.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y03 | N/A | CHINA | PCS | 8,950.00 | 14,000.00 | |

बिक्रेताको फर्मको नाम: **Panchasorna Group Pvt. Ltd.** | स्थायी लेखा नं: **606749170**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** | फोन नं: **9801171012**


## साउदीमा रोजगार

कम्पनी : ZAHA NAJD ESTABLISHMENT FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०५/08 | LT. No.346820 | चलानी नं. ६०२५९९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2500 | १,०१,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69
RADIANT OVERSEAS PVT. LTD.
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

## युएइमा रोजगार

कम्पनी : MANARA AL TAWAKKUL TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/08 | LT. No. 346815 | चलानी नं. ६०२५९९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant /helper/labour | 6 | 0 | 1000 | ४१,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

## कुवेतमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : AGTHIA GENERAL TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346755 | चलानी नं. ६०२५९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 15 | 15 | 140 | ६९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 20 | 0 | 110 | ६९,१५० | | | | | | | |
| 3 | Driver Heavy Vehicle (Nepal License) | 20 | 0 | 200 | ९८,७८५ | | | | | | | |
| 4 | Light Driver (Nepali License) | 20 | 0 | 150 | ७४,०८५ | | | | | | | |
| 5 | Waiter/waitress | 25 | 15 | 135 | ६६,६८० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७८।०९।०८ मा दर्ता भएको प्रा.लि.नं. २८०३३७ को **भैरवी फर्निचर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

*प्रकाशित मिति २०८३/०५/०५ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०५/०६ मा दर्ता कायम भएको **आई.एण्ड टि. कन्सल्टेन्सी प्रा.लि.** (प्रा.लि.नं.९६३७३/०६९/०७०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०४ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत प्रमाण पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
कमलादी शाखा, काठमाडौं महानगरपालिका, कमलादी
सम्पर्क फोन: +९७७-०१-५९७१२९७

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री लिलानाथ ढकालको नाती, होमनाथ ढकालको छोरा, बागमती प्रदेश मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. २ हाल थाहा- ०२ बस्ने ६४ वर्षको श्री बालमुकुन्द ढकालको मिति २०८२/०३/११ (ई.सं. २५/०६/२०२५) मा मृत्यु भएकोले स्व. बालमुकुन्द ढकालकी पत्नी हाल थाहा- ०२ बस्ने श्रीमती पार्वती ढकालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कमलादी शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...


## कतारमा रोजगार

कम्पनी : NASIR AL ALI FOR PROJECTS

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332865 | चलानी नं. ६०२४६५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 27 | 0 | 1000 | ४२,००२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Grace Overseas Pvt. Ltd.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## युएइमा रोजगार

कम्पनी : AL NOUMAH BEAUTY CENTRE

पूर्व स्वीकृति मिति : २०८३/०५/08 | LT. No. 346862 | चलानी नं. ६०२६००४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST (FEMALE) | 0 | 3 | 1500 | ६२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## मलेसियामा रोजगार

कम्पनी : BWY HOLDINGS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/08 | LT. No. 346849 | चलानी नं. ६०२५९८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Retail & Wholesale Worker | 40 | 0 | 1700 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## साउदीमा रोजगार

कम्पनी : ARAB AXCED EST FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346787 | चलानी नं. ६०२६००२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 4 | 0 | 1000 | ४०,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १२ गते (28th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CIS License No. : 646/063/064
Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ८००९६८१, ८००९६८३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com


# मुहान हाईड्रोपावर लिमिटेड

का.म.न.पा.-८ गौशाला, काठमाडौं फोन नं. ९८५११९५०८४, ९७५१७१७१७
Email: muhanhydropowerlimited@gmail.com

## आ.व २०८२/०८३ को बार्षिक साधारण सभाको सूचना

(दोस्रो पटक मिति २०८३/०५/०५ गते प्रकाशित)

**आदरणीय शेयरधनी महानुभावहरु**

यस कम्पनीको मिति २०८३/०४/२९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार मुहान हाईड्रोपावर लिमिटेडको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति :** २०८३ साल भाद्र महिना २० गते शनिवार (तद्नुसार ५ सेप्टेम्बर २०२६)
**स्थान :** होटल भादगाउँ एण्ड रिसोर्ट लिमिटेड, बाराहीस्थान -४, भक्तपुर ।
**समय :** दिनको १:०० बजे ।

**क) सामान्य प्रस्तावहरूः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८२/०८३ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गर्ने सम्बन्धमा ।
३. संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ मा भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८३/०८४ को बाह्य लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. कम्पनी सचिव नियुक्ति गर्ने सम्बन्धमा ।
६. विविध ।

**ख) विशेष प्रस्तावहरु**

१) सर्वसाधारणका लागि प्रारम्भिक शेयर (Initial Public Offering) जारि गर्ने सम्बन्धमा ।
२) प्रारम्भिक शेयर निष्कासन तथा अन्य दैनिक कार्य सम्पादन का लागि विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी, नेपाल विद्युत प्राधिकरण लगायतका निकायहरुमा सम्पूर्ण आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३) यस कम्पनिबाट हालसम्म अन्य परियोजनामा भएको स्वपुँजी लगानी अनुमोदन तथा थप स्वपुँजी लगानी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. यस मुहान हाईड्रोपावर लिमिटेड तथा अन्य कुनै हाईड्रोपावर वा अन्य कुनै संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ति तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति या विलय गर्न, DDA (Due Diligence Audit) गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरूबाट कुनैपनि विषयमा संशोधन थपघट या परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपर्ने भए सो कार्यहरू समेत गर्न संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५ संचालक समिति चयन गरि संचालकका सेवा तथा सुविधाहरु निर्धारण गर्ने सम्बन्धमा ।
६ कम्पनीको सुशाशन, दैनिक कार्य सम्पादन तथा हित संरक्षणका लागि सञ्चालकहरुको बाधा अड्काउ फुकाउनका लागि अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
७. विविध

### साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ११:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फाराम सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय गौशालामा भौतिक, ईमेल या अन्य आधिकारिक डिजिटल माध्यम मार्फत दर्ता गराइ सक्नु पर्नेछ ।
३. सभामा सबै शेयरधनीहरूले विविध शीर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तव्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।
४. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक व्यक्तिलाई मात्र तोक्न सक्ने छ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएमा त्यस्तो नियुक्ति वदर हुने छ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा पहिलोधर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिनेछ । प्रतिनिधि नियुक्ति गरि सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिरे पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः वदर हुनेछ ।
५. सभामा उपस्थित हुने शेयरधनीले अनिवार्य रुपमा नागरिकताको प्रमाणपत्र वा आफ्नो फोटोसहितको परिचय स्पष्ट खुल्ने आधिकारिक प्रमाणपत्र सहित साधारणसभामा भाग लिन अनुरोध छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । नाबालक वा फरक क्षमता भएका शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग, लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।
६. सभामा सबै शेयरधनीहरूले विविध शीर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तव्यको सम्बन्धमा सञ्चालक समिति तथा सञ्चालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।
७. साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.-८ गौशाला, काठमाडौं फोन नं. ९८५११९५०८४, ९७५१७१७१७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**सञ्चालक समिति**

### सकियो 'आशा'को छायांकन

फिल्म 'आशा'को छायांकन सकिएको छ। उडान स्टुडियोको प्रस्तुति रहेको फिल्म एक महिने निर्धारित सेडुलमा सकिएको शर्मिला थापाले जानकारी दिइन्। फिल्मको छायांकन काठमाडौं उपत्यकासँगै नमोबुद्ध र धुलिखेल आसपासमा गरिएको छ। फिल्ममा शुशांक मैनाली, महेश त्रिपाठी, अन्जना बराइली, सुशील सिटौला, आशान्त शर्मा, केनिपा सिंह, कविता रेग्मी बालकलाकार चिराग श्रेष्ठ, काश्वी भण्डारी लगायतको अभिनय छ। फिल्ममा कथा तथा निर्देशन राजीव गुरूङको रहेको छ।





# दिदीभाइको कथामा बनेको 'पार्वती'को ट्रेलर रिलिज

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पार्वती'को ट्रेलर सार्वजनिक भएको छ। निर्माण टिमले बिहिबार पत्रकार सम्मेलनमार्फत रिलिज गरेको हो।

यस ट्रेलरलाई दर्शकले ओएसआर युट्युब च्यानलमार्फत हेर्न सकिन्छ। ४मिनेट लामो ट्रेलरमा फिल्मका मुख्य कलाकार नीता ढुङ्गाना र अशोक दर्जीबीचको दिदीभाईको माया पर्दामा देख्न सकिन्छ। अटिजम भएकी दिदीको माया र भाईको दिदीप्रतिको कारुणिक भाव ट्रेलरमा देख्न सकिन्छ।

